# भीमेश्वर नगरपालिका राजपत्र

## भीमेश्वर नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड २, संख्या १, भीमेश्वर नगर कार्यपालिका, दोलखा जिल्ला, प्रदेश नं ३,  अतिरिक्तांक (१), मिति २०७४।३।१३

भाग २

भीमेश्वर नगर कार्यपालिकाको सूचना

# भारी सवारीसाधन साधन ब्यबस्थापन कार्यविधि २०७४

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७४/०३/१३**

भीमेश्वर नगरपालिकाले विकास निर्माण एवं सरसफाइमा बढ्दो कार्यभार एवं भूमिकालाई जनहितमा ब्यबस्थित गर्न यसका भारी सवारी साधनहरु **डोजर, लोडर ट्रीपर, सक्सन ट्यांक तथा ट्याक्टर संचालन** तथा यसको दीगो ब्यबस्थापन गर्दै लैजान वान्छनीय भएकाले स्थानीय तहको शासन संचालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ को दफा ४९ बमोजिम यो कार्यविधि बनाई जारी गरिएको छ ।

परिभाषा :-(१ ) “ कार्यालय ”भान्नाले नगर कार्यपालिकाको कार्यालय ,भीमेश्वर नगरपालिकालाई बुझाउने छ ।

(२ ) “भारी सवारी साधन ” भन्नाले **डोजर ,लोडर , ट्रिपर , सक्सन ट्यांक** तथा कम्प्रेसर समेतलाई बुझाउनेछ ।

१ **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम भारी सवारी साधन संचालन तथा ब्यबस्थापन कार्यविधि २०७४ हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २ भारी सवारी साधनको प्रयोग , भाडा दर र समय:

( १) भारी सवारी साधनको प्रयोग नगरपालिकाको आन्तरिक कार्यमा गर्नुका साथै शुल्क लिई भाडामा समेत लगाउन सकिने छ ।

(२) कार्यालय प्रयोजन बाहिर भाडामा लगाउनुपर्दा देहाय अनुसारको शुल्क लिई लगाउन सकिने छ ।

(क ) लोडर प्रतिघन्टा रु २०००/- ( इन्धन समेत ), प्रतिघन्टा रु १२००/ इन्धन बाहेक

(ख) सक्सन ट्याक रु ८ ,०००/- प्रति ट्रीप सेफ्टीट्यांकी सरसफाइको लागि (इन्धन सहित )
(ग) सक्सन ट्यांकी प्रति ट्रीप : पानी हाल्ने प्रयोजनको लागि रु ४ ०००/- ( इन्धन सहित)
(घ) शव उठाउदा प्रति ट्रीप रु ८,००० ( इन्धन सहित ) तामाकोशी , चरेंगे, दोलती खोला सम्म
(ङ ) ट्याक्टर रु ६०००/- प्रति दिन ( आठ घण्टा इन्धन सहित )
(च) कम्प्रेसर रु १५,०००/- प्रति दिन (आठ घण्टा इन्धन सहित)
(३) भाडा निर्धारण गर्दा कार्यालयबाट निकालेको समय /कार्यालय भित्र आएको समयलाई आधार मानी घण्टा गनिने छ ।
(४ ) चालकले भाडा प्रयोग भएको समयको लगबुक भरी कार्यालयमा बुझाउनु पर्नेछ ।
(५ ) भारी सवारी साधन भाडामा लगाएको अबस्थामा कार्यालयले चालक र सहयोगीलाई देहाय अनुसार प्रोत्साहन भत्ता प्रदान गर्नेछ ।
(क) ब्याक-हो लोडरको चालकलाई प्रति घण्टा रु २००/-का दरले , सहयोगीलाई रु ५०/-
(ख) सक्सन ट्यांक चालक प्रति ट्रीप रु रु २००/-का दरले , सहयोगीलाई रु ५०० /-
(ग) बेवारिसे शव उठाउदा चालक प्रति ट्रीप रु रु ५००/-का दरले सहयोगीलाई एकमुष्ठ ४००० /-

**भारी सवारी साधनको प्रयोग सम्बन्धी अन्य ब्यबस्था :**

(१) भारी सवारी साधनको संरक्षण तथा ब्यबस्थापनको जिम्मा कार्यालयको हुनेछ ।
(२) चालकको व्यवस्था कार्यालयले गर्नेछ ।
(३) प्रयोगकर्ताले भारी सवारी साधन न्यूनतम ४ घन्टाको लागि भाडामा लान पाउने छ ।
(४) भारी सवारी साधनको प्रयोग नगरपालिका क्षेत्रभित्र मात्र गर्न सकिने छ ।
(५)भाडामा सवारी साधन लाँदा प्रयोग कर्ताले अग्रिम शुल्क बुझाई वा धरौटी राखी लानुपर्ने छ ।
(६) भारी सवारी साधन भाडामा प्रयोग नगरको विकासमा प्रत्यक्ष प्रभाव पार्ने योजना वा नगरको कार्यक्षेत्रमा हुने काममा प्रयोग गर्न दिइने छ ।

४ **खारेजी र बचाऊ :** यस कार्यविधिमा उल्लेख नभएको बिषयमा कार्यविधिको भावना प्रतिकुल नहुने गरी कार्यालयले ब्यबस्थापन गर्न सक्नेछ ।

आज्ञाले,

शंकर नेपाल

सचिव, भीमेश्वर नगर कार्यपालिका